Local Government

# पथरीशनिश्चरेनगरपालिका
Pathari Shanishchare Municipality

## नगरकार्यपालिकाकोकार्यालय
Office of the Municipal Executive

पथरी, मोरङ, कोशीप्रदेश, नेपाल
Pathari, Morang, Koshi Province, Nepal

प. सं.
२०८२/०८३

मिति:

### सेवा करारमा कर्मचारी पदपूर्ती गर्ने सम्बन्धि सूचना ।

प्रथम पटक सूचना प्रकाशित मितिः२०८२।०८।१७

पथरी शनिश्चरे नगरपालिकाको मिति २०८२/०८/१७ गतेको निर्णय अनुसार यस नगरपालिका अन्तर्गत सञ्चालित पथरी नगर अस्पतालको लागि आबस्यक कर्मचारी, म स्वस्थ मेरो समुदाय स्वस्थः घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम र नागरिक आरोग्य सेवा केन्द्र सञ्चालनका लागि तपसिल अनुसारको पदहरुमा खुला प्रतिस्पर्धाद्वारा कर्मचारी पदपूर्तिको लागि यो सूचना प्रकाशित गरिएको छ । योग्यता पुगेका ईच्छु नेपाली नागरिकहरुबाट तोकिएको ढाँचामा रितपूर्वक फारम भरी नगर कार्यपालिकाको कार्यालयमा सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र राजस्व तिरेको रसिद सहित दरखास्त पेश गर्नहुन सम्बन्धित सवैमा अनुरोध छ ।

तपसिल

| विज्ञापन नं. | पद | सेवा/समूह | तह | माग संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| ४-२०८२/८३ | जनस्वास्थ्य अधिकृत | स्वास्थ्य/हेल्थ ईन्सपेक्सन | सातौं | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट जनस्वास्थ्य विषयमा कम्तिमा स्नातक तह योग्यता हासिल गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता/नवीकरण भएको । |
| ५-२०८२/८३ | अ. हे. व. | स्वास्थ्य/हेल्थ ईन्सपेक्सन | चौथो | २ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट C.M.A. उतिर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता/नवीकरण भएको । |
| ६-२०८२/८३ | अ.न. मि. | स्वास्थ्य/पब्लिक हेल्थ नर्स | चौथो | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट A.N.M. उतिर्ण गरी नेपाल नर्सिङ परिषदमा दर्ता/नवीकरण भएको । |
| ७-२०८२/८३ | बैद्य | स्वास्थ्य/आयुर्वेद | चौथो | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट AAHW वा सो सरह उतिर्ण गरी आयुर्वेद चिकित्सा परिषदमा दर्ता/नवीकरण भएको । |

आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरुः

१. तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको छाँयाप्रति ।
२. नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति ।
३. पासपोर्ट साईजको फोटो ३ प्रति ।
४. आवेदन शुल्क तिरेको सक्कल भौचर ।
५. म्याद नसकिएको सम्बन्धित परिषद्को दर्ता प्रमाण पत्रको छाँयाप्रति ।
६. सम्पूर्ण कागजातहरु उम्मेद्वार आफैले प्रमाणित गरि पेश गर्नुपर्नेछ ।
७. अनुभव भए सो खुल्ने कागजात ।
८. व्यक्तिगत विवरण (Bio-Data) ।
९. उमेरको हदः
   क. जनस्वास्थ्य अधिकृत: २१ बर्ष पुरा भई पुरुषको हकमा ३५ बर्ष ननाघेको तथा महिलाको हकमा ४० बर्ष ननाघेको ।
   ख. अ. हे. व. र अ. न. मि.: १८ बर्ष पुरा भई पुरुषको हकमा ३५ बर्ष ननाघेको तथा महिलाको हकमा ४० बर्ष ननाघेको ।
   ग. बैद्य: १८ बर्ष पुरा भई ६० बर्ष ननाघेको ।
१०. दरखास्त बुझाउने स्थान: पथरी शनिश्चरे नगरपालिका स्वास्थ्य शाखा ।
११. दरखस्त दस्तुर ।
   क. जनस्वास्थ्य अधिकृत (सातौं) रु.१०००।-
   ख. अ. हे. व.,अ. न. मि. र बैद्य (चौथो) रु.५००।-
१२. दरखास्त दिने अन्तिम मिति सूचना प्रकाशन भएको मितिले १५ दिन कार्यालय समय भित्र तथा उक्त दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र ।
१३. सेवा शर्त र सुबिधाः सम्बन्धित तहमा नेपाल सरकारले तोकेको सुरु स्केल बमोजिम हुनेछ ।
१४. परिक्षको किसिमः लिखित तथा अन्तरवार्ता ।
१५. परिक्षा मिति पछि प्रकाशन गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत